# कोल्हवी नगरपालिका

# स्थानीय राजपत्र

कोल्हवी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ९ संख्या १ मिति : २०८२।०२।१८

## भाग २

स्थानीय सरकार

## कोल्हवी नगरपालिका

## सूचना

## कोल्हवी नगरपालिकाको आन्तरिक आय संकलन तथा ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** कोल्हवी नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य व्यवस्थित रुपमा सञ्चालन गर्न तथा नगरपालिका अन्तरगतका ठेक्का बन्दोबस्तलाई सहज र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को अनुसुची-८ बमोजिमको एकल अधिकार सूची तथा अनुसूची-९ बमोजिमको साझा अधिकार सूची र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११घ (१, २ र ६) को कानूनी कर्तव्य समेतलाई आधार मानी कोल्हवी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कोल्हवी नगर कार्यपालिकाको बैठकले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (क) यो कार्यविधिको नाम **"आन्तरिक आय संकलन तथा ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) **"आन्तरिक आय"** भन्नाले प्रचलित ऐन, नियमावली र कार्यविधि बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको

व्यवसाय, स्रोतसाधन वा अन्य कुनै आयस्रोतमा नगरसभाबाट स्वीकृत दर बमोजिम ठेक्का, अमानत वा अन्य कुनै तरिकाले असुल गर्ने कर, दस्तूर, सेवा शुल्क, विक्री, आदि आयलाई सम्झनु पर्छ ।

(ख) **"कर अधिकृत"** भन्नाले यो निर्देशिका बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगरपालिकामा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले कोल्हवी नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(घ) **"ठेकेदार"** भन्नाले नगरपालिकाको निश्चित आ.ब. को आय संकलन गर्न सम्झौता गरेको फर्म वा व्यक्तिलाई सम्झनु पर्छ ।

(ङ) **"नगरपालिका"** भन्नाले कोल्हवी नगरपालिका सम्झनुपर्छ ।

(च) **"नगर सभा"** भन्नाले कोल्हवी नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(छ) **"नगर प्रमुख"** भन्नाले कोल्हवी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(झ) **"वडा"** भन्नाले नगरपालिकाको वडा सम्झनु पर्छ ।

(ञ) **"व्यवसायी"** भन्नाले व्यापार तथा व्यवसाय संचालन गर्ने गरी नगरपालिकामा व्यवसाय दर्ता गरेको व्यक्ति/फर्म/संघ संस्थालाई सम्झनु पर्दछ ।

(ट) **"शाखा"** भन्नाले राजश्व सम्बन्धी विषय हेर्ने शाखा सम्झनुपर्छ ।

३. **<u>स्थानीय तहले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेः</u>** (१) स्थानीय सरकार संचालन ऐन, २०७४ को अधीनमा रही कोल्हवी नगरपालिकाको नगर

सभाले निर्णय गरे अनुसारको करको दर, सेवा शुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असूल गर्न नगरपालिकाको एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ । नगरपालिकाको आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोवस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा ५ बर्षसम्मको लागि एकै पटक ठेक्का बन्दोवस्त गर्न सकिनेछ । यसरी बहुवर्षिय ठेक्का बन्दोबस्त गर्दा राजश्व परामर्श समितिले निर्धारण गरेको समय र दरमा ठेक्का रकम वृद्धि गर्न सक्नेछ ।

(२) दुई वा दुई भन्दा बढी स्थानीय तहको समूहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपदफा (१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछन्।

(३) नगरपालिकाको सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरि सक्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा यस

कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

(४) उपदफा (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछः-

(क) आगामी आर्थिक वर्षको लागि आन्तरिक आय श्रोतको उपलब्धता, श्रोत परिचालनको व्यवस्थापन, लागत र चालु वर्षको ठेक्का अङ्क तथा आय अनुमान समेतलाई विचार गरी आन्तरिक आयको प्रक्षेपण गर्नु पर्नेछ ।

(ख) ठेक्का बन्दोबस्त गर्नको लागि नगर सभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्वन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिम आन्तरिक आयको प्रक्षेपण गर्दा कुनै आन्तरिक आय पाँच लाख रुपैया भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा पनि सम्झौता गर्न सकिने छ र पाँच लाख रुपैयाँ भन्दा बढी उठ्ने भएमा बोलपत्र/दरभाउपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा,

(१) बीस लाख रुपैयाँसम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा राष्ट्रिय स्तरको पत्रिकामा कम्तिमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) वीस लाख रुपैया भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रिययस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछः-

(१) न्यूनतम ठेक्का अंक,

(२) ठेक्काका मुख्य-मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने पर्ने आयको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

(५) बोलपत्र फारम प्राप्त हुने स्थान र इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने भए सो को व्यवस्था समेत मिलाउनु पर्नेछ । यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ ।

(६) बोलपत्र दाखिला गर्ने तरिका,

(७) बोलपत्र बापत लाग्ने दस्तुर,

(८) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति, समय र स्थान तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(९) जमानत बापत राख्नु पर्ने रकम वा बैंङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(१०) अन्य आवश्यक कुराहरु ।

(च) बोलपत्र दस्तुर

(१) बीस लाख रुपैयाँ सम्म रु. १,०००/-

(२) बीस लाख रुपैयाँ देखी दुई करोड रुपैयाँ सम्मको लागि रु. ३,०००/-

(३) दुई करोड रुपैयाँ भन्दा माथि दश करोड रुपैयाँ सम्मको लागि रु. ५,०००/-

(४) दश करोड रुपैयाँ भन्दा माथि पचास करोड रुपैयाँ सम्म रु. १०,०००/-

(५) पचास करोड रुपैयाँ भन्दा माथि रु. २०,०००/-

(छ) खण्ड (ङ) बमोजिम प्रकाशित सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, बोलपत्रदाताको एजेन्टले पेश गर्नु पर्ने विवरण लगायतका विवरणहरु यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार ठेक्का अङ्क/शर्त संशोधन गरी बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ । सो अवधिमा सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछः-

(१) बढाबढ हुने कोल्हवी नगरपालिकाको कार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्य आवश्यक कुराहरु।

(५) उपदाफा (४) को खण्ड (ङ) र खण्ड (क) अनुसार प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबुल गरेको अङ्कको पाँच प्रतिशत रकम र गैर

नेपाली नागरिक भए आफूले कबुल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन गर्ने स्थानीय तहको नाममा उक्त सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैङ्कले जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन म्याद भएको बैङ्कले जमानत (विड वोण्ड) को सक्कल प्रति संलग्न राखु पर्नेछ ।

तर बढाबढ गर्दा पनि स्थानीय तहले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक आय संकलनको व्यवस्था गर्न सकिनेछ ।

(६) यस कार्यविधि बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राखे व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर कुनै ठेक्काको सम्झौता नभए सम्म सो ठेक्का कवुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत स्थानीय तहले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(७) उपदफा (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

(८) नियमानुसार कार्यालयमा पेश हुन आएका बोलपत्र/दरभाउ पत्र मुल्यांकन कार्य नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिले गर्नेछ । सो समितिमा देहाय अनुसारका सदस्यहरु रहनेछन् । आवश्यक्ता अनुसार पदाधिकारी तथा कर्मचारीहरूलाई आमन्त्रित गर्न सक्नेछन् ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजको तोकेको वरिष्ठ अधिकृत -संयोजक

(ख) अर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ग) पूर्वाधार विकाश शाखा प्रमुख -सदस्य

(घ) नगर प्रमुखले तोकेको वडा अध्यक्षहरू मध्येबाट २ जना -सदस्य

(घ) नगर प्रमुखले तोकेको कार्यपालिका सदस्यहरू मध्येबाट १ जना -सदस्य

(ङ) राजस्व शाखा प्रमुख -सदस्य सचिव

४. <u>**ठेक्का स्वीकृत गर्ने:**</u> (१) दफा ३ को उपदफा ४ (घ) बमोजिम प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक कोल्हवी नगरपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सूचना बमोजिमका सबै प्रक्रिया पुगेको सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र मूल्यांकन समितिको सिफारिस बमोजिम देहाय बमोजिमको अधिकारीले स्वीकृत गर्नु पर्नेछ

(क) बीस लाख रुपैयाँसम्म प्रमुख प्रशासकीय अधिकृबाट

(ख) बीस लाख रुपैयाँ भन्दा माथी नगर कार्यपालिकाबाट

(३) दफा ३ को खण्ड (झ) बमोजिम सार्वजनिक बढाबढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै दफा ३ को उपदफा (५) बमोजिमको धरौटी वा बैंङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ।

(४) यस कार्यविधि बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अन्तिम अधिकार नगर कार्यपालिकाको हुनेछ ।

५. <u>सम्झौता गर्ने र कार्यदिश दिने:</u> (१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने नगरपालिकाको अधिकारीले सात दिनभित्र

सो कुराको आशयको सूचना सम्पूर्ण बोलपत्र वा डाँकवालालाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना जारी गर्दा सात दिनको म्याद दिई सो म्यादभित्र यस कार्यालय वा स्वीकृत ठेक्कावाला उपर यस कार्यालयमा कुनै निवेदन नपरेमा स्वीकृत ठेक्कावालालाई २० लाख रुपैया सम्मको हकमा सात दिन र २० लाख रुपैया भन्दा माथिको हकमा पन्ध्र दिन म्याद दिई सम्झौता गर्नका लागि आवश्यक कागजात सहित उपस्थित हुन पत्रचार गर्नुपर्नेछ । पत्रचार गर्दा ठेक्कावाला आफ्नो कबुल बमोजिम सम्झौता गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनु पर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझी नलिएमा स्थानीय वडा सदस्य एक जना समेत स्थानीय व्यक्तिहरु चार जनालाई साक्षी राखी पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा पनि सो सूचना प्राप्त भएको मानिनेछ ।

तर त्यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई सम्झौता गर्न मञ्जुर गरे ठेक्का बन्दोबस्त गर्ने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरुन्त सम्झौता गराई निजलाई चलान पूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जुर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोवस्त गर्नु पर्नेछ । यसरी ठेक्का बन्दोवस्त गर्दा त्यस्तो रकम नगरपालिकाले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने राजस्व परामर्श समितिको बैठकबाट सिफारिस गराई पुनः सूचना प्रकाशन गर्नुपर्ने छ ।

(४) नगरपालिकाले संयूक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अखितयारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासका लागि मूल्याङ्कन समिति समक्ष पेश गरी निकास भए बमोजिम गर्नु पर्नेछ । नगरपालिकाको मूल्याङ्कन समितिले पनि यसरी पेश भएको सात दिनभित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको सूचना दिन पर्नेछ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक्का अङ्कको ३५ प्रतिशत रकम नगदै बैङ्क दाखिला गर्नु पर्नेछ र बाँकि ६५ प्रतिशत रकम र सोको भ्याट वापतको रकम समेत कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त 'क' वर्गको बैङ्कको ठेक्का अवधिको म्याद भएको (बहुवर्षिय ठेक्काको हकमा कम्तिमा १ वर्ष) परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का

पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग सम्झौता गरी चलान पुर्जी दिनु पर्नेछ ।

(६) बोलपत्र वा डाँक स्वीकृत भएको सुचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्याद भित्र बोलपत्र वा डाँकवालाले चलान पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ३ को उपदफा (५) बमोजिम राखेको जमानत जफत भई स्थानीय तहको संचित कोषमा दाखिला हुनेछ ।

६. <u>ठेक्का रकमको किस्ता बुझाउने तरिकाः</u> (१) स्थानीय तहले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लेखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर त्यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा दश प्रतिशतसम्म कार्यपालिकाबाट निर्णय गराई छुट दिन सकिनेछ ।

तर यस्तो छूटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

७. **<u>ठेक्का तोड्नेः</u>** (१) सम्झौता बमोजिमको कुनै शर्तको बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले नगरपालिकाले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवा शुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदा हँदै दोहोरो हुने गरी

कर असूल गरेमा त्यसतो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई स्थानीय तहले फिर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा उल्लेखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ । यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी बाँकी सरह असूल उपर गरी निजको नाम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाइनेछ ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम असूल गरी ठेक्का दिन सकिनेछ ।

(५) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट नगरपालिकालाई भएको नोक्सानी र स्थानीय तहले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा सो ठेकेदारले राखेको

जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(६) कुनै पनि ठेक्का बन्दोवस्त गरी ठेक्का संचालन भए पश्चात कुनै विशेष परिस्थिति वा तत्कालीन अवस्थाको परिस्थितिजन्य कारण बाट एकतर्फी रुपमा नगरपालिकाले ठेक्का तोड्नु पर्ने अवस्था परेमा ठेक्का सम्झौताको अवधी वाँकी भएता पनि नगरपालिकाले निर्णय गरी ठेक्का तोड्न सक्नेछ । यसरी ठेक्का तोड्दा ठेक्कावाला सँगको सम्झौता स्वत भङ्ग भएको मानी बाँकी अवधीको ठेक्का रकम राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाबाट स्वीकृत गराई नगरपालिकाले ठेक्कावालालाई फिर्ता गर्न सक्नेछ वा आयश्रोतको व्यवस्थापन नगरपालिकाले निर्णय गरे अनुसार नै हुनेछ ।

८. <u>**बक्यौता रकम असूली सम्बन्धी व्यवस्थाः**</u> (१) नगरपालिकाले विभिन्न कारणबाट असुल हुन नसकी बाँकी रहेको बक्यौता

रकम असूल गर्न बक्यौता असूली कार्ययोजना बनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि नगर प्रहरी परिचालन गर्नुका साथै स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई स्थानीय निकायले असूली अङ्कको बढीमा ५ प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ । एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी बाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

९. **<u>कार्यविधि संशोधन सम्बन्धी व्यवस्था:</u>** नगर कार्यपालिकाले यस कार्यविधीमा आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

१०. **<u>बाधा अड्काउ फुकाउने तथा व्याख्याको अधिकार :</u>** यस कार्यविधी कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई परी कार्यान्वयन गर्न बाधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार तथा व्याख्याको अधिकार नगर कार्यापालिकाको हुनेछ ।

११. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम र उल्लेखित नभएका विषयहरुमा सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रचलित कानून बमोजिम हुनेछ ।

**स्वीकृत मिति : २०८२।०२।०४**

**प्रमाणीकरण मिति : २०८२।०२।०८**

**आज्ञाले,**

**पितानाथ लुइटेल**

**प्रमुख प्रशासकीय अधिकृत**